*प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद*

# गण्डकी प्रदेश प्रदेश कार्यालय

## पोखरा, कास्की ।

**प्रयो्गशाला ल्याव व्यवस्थापनको लागी मेशिन औजार खरिद सम्झौता गरेका सामुदायिक,साझेदारी विद्यालयहरुलाई अत्यन्त जरुरी सूचना**

*प्रकाशन मिति २०७८।०२।२३*

उपर्युक्त विषयमा चालु आ.व.२०७७।०७८ मा यस कार्यालयसंग विभिन्न मितिमा सम्झौता गरि परिषद्को संवन्धन स्विकृतिमा डिप्लोमा/प्रमाणपत्र तथा प्रि डिप्लोमा तहका ईन्जिनियरिङ्ग,कृषि र फरेस्ट्री कार्यक्रम संचालन गरिरहेका गण्डकी प्रदेश अन्तर्गतका सामुदायिक /साझेदारी विद्यालयहरुमा COVID 19 को कारण हाललाई भौतिक रुपमा उपस्थित भई अनुगमन तथा निरिक्षण गर्ने अवस्था नभएकोले सम्झौतामा उल्लेख गरिएका बुँदा अनुसार प्रयोगशाला ल्याव व्यवस्थापन तथा मेशिन औजार उपकरण खरिद सम्वन्धि कार्य गर्नका लागी सम्पन्न गरेको प्रगति प्रतिवेदन तपशिल अनुसारको बुँदाहरु अनिवार्य रुपमा उल्लेख हुने गरि २०७८साल जेष्ठ मसान्त भित्र बाँकि किस्ता रकम निकाशाको लागि यस कार्यालयको ईमेल ठेगाना ctevtgandaki@gmail.com मा अनिवार्य रुपमा आई पुग्ने गरि पठाई दिनु हुन जानकारी गराईन्छ ।

तपशिल

१. विद्यालय/शिक्षण संस्थाको अनुरोध पत्र (Request Letter),
२. प्रयोगशाला ल्याव व्यवस्थापन सम्वन्धि मेशिन औजार उपकरण खरिद कार्यको लागी प्रकाशन गरेको सार्वजनिक सूचनाको प्रमाणित प्रतिलिपी (टेण्डर प्रकृया गरेका संस्थाको लागी),
३. विद्यालय संचालक समितिको बैठकको निर्णयको प्रमाणित प्रतिलिपि ,
४. तोकिएको पार्टी फर्मवाट खरिद गरिएको कर बिजक (Vat Bill) खर्च विलको प्रमाणित प्रतिलिपी
५. खरिद गरिएका सामाग्रीहरुको फोटोहरु,
६. जिन्सी दाखिला रिपोर्ट र जाँचपास प्रतिवेदन,
७. कार्य सम्पन्न /प्रगति प्रतिवेदन ।